# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्याः १३ | प्रकाशित मितिः २०७५/११/०२

## भाग-२

# स्थानीय विकास कोष (स्थापना र संचालन) नियमावली, २०७५

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका

# स्थानीय विकास कोष (स्थापना र संचालन) नियमावली, २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१०/२४

**<u>प्रस्तावनाः</u>** रोङ गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रमले लक्षित गरेको सामाजिक सशक्तिकरण प्राप्तीका लागि विशेषतः गाउँपालिका क्षेत्रभित्र पिछडिएका टोल, वडा र दलित, आदिवासी/जनजाती एवं गरिब जनसमुदायमा विकासको प्रवाह र प्रतिफल पुऱ्याउने उद्देश्यले विभिन्न क्षेत्रमा छरिएर रहेको श्रोत र साधनलाई एकिकृत गरी दिगो विकासका लागि व्यक्ति र समुदायलाई परिचालित गर्न स्थानीय विकास कोष स्थापना र संचालनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयेग गरी रोङ गाउँपालिकाले यो नियमावली बनाएको छ ।

## भाग-१

### १. <u>संक्षिप्त नाम तथा प्रारम्भः</u>

क) यो नियमावलीको नाम **"स्थानीय विकास कोष (स्थापना र संचालन) नियमावली, २०७५"** रहेको छ ।

ख) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

### २. <u>परिभाषाः</u>बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस नियमावलीमा

क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) **"सभा"** भन्नाले रोङ गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

ग) **"कोष"** भन्नाले नियमावलीको नियम ३ बमोजिम स्थापना तथा संचालन हुने स्थानीय विकास कोष सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले कोषको व्यवस्थापन र संचालन गर्न नियम ४ बमोजिम गठित संचालक समिति सम्झनु पर्दछ ।

ङ) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

च) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउँदछ ।

छ) **"सचिव"** भन्नाले नियम १९ बमोजिम नियुक्त कर्मचारी सम्झनु पर्दछ ।

ज) **"सामाजिक सशक्तिकरण"** कार्यक्रम भन्नाले स्थानीय व्यक्ति, सामाजिक परिचालनका माध्यमद्धारा सामुदायिक संस्थामा आवद्ध भई आफ्नो वा अन्य श्रोत मार्फत शिप विकास प्रवर्द्धन गर्ने, आफ्नो जीवनस्तरमा सुधार ल्याउन एवं समुदायको माध्यमद्धारा गाउँको

विकास गर्न, समुदाय स्तरको निर्णय प्रक्रियमा सक्रिय सहभागिताकोसाथ परिचालित हुनुलाई सम्झनु पर्दछ ।

झ) **"सामुदायिक संस्था"** भन्नाले सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक परिचालनको माध्यमबाट वस्तीस्तरमा महिला तथा पुरुष समूहहरु छुट्टाछुट्टै वा मिश्रित रुपमा आवद्ध भएको समूहलाई सम्झनु पर्दछ । यसले समूह-समूह आपसमा मिलि गठन भएको संघ वा संगठन समेतलाई जनाउनेछ ।

## भाग-२

## कोषको स्थापना र संचालन

### ३. कोषको स्थापना र संचालनः

क) स्थानीय विकास कोषको नामबाट गाउँपालिकामा एक कोषको स्थापना हुनेछ ।

ख) उप-नियम (क) बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् ।

१. सामाजिक सशक्तिकरण कार्यक्रम तथा अन्य विशेष कार्यक्रम संचालन गर्न गाउँपालिकाबाट प्राप्त अनुदान रकम ।

२. दातृ संस्था, अन्तर सरकारी संगठन, अन्तराष्ट्रिय गरै सरकारी संस्था, गैर सरकारी संस्था वा व्यक्तिबाट प्राप्त अनुदान तथा ऋण रकम ।

३. समपूरक कोष (म्याचिङ्ग फण्ड) को रुपमा विभिन्न निकायबाट प्राप्त हुने रकम ।

४. कोषले आफ्नो रकम र चलअचल सम्पत्ति लगानी गरे बापत प्राप्त ब्याज, सेवाशुल्क र हर्जना रकम ।

५. कोषले संघीय तथा प्रदेश सरकार, रोङ गाउँपालिका, अन्य कोष, बैंक, वित्तीय संस्था वा ऋण प्रदान गर्ने अन्य संघसंस्थाबाट लिएको ऋण तथा सापटी ।

६. सामुदायिक संस्थाले लगानीको रुपमा जम्मा गर्न ल्याएको बचत रकम । र,

७. अन्य श्रोतबाट प्राप्त रकम ।

ग) समितिले कोषको रकम गाउँपालिकास्थित कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली राख्नेछ ।

घ) कोषको खाता समितिको सचिव र समितिले तोकेको व्यक्तिको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।तर कार्यकारी सचिवको नियुक्ति नभएसम्म प्रमुख प्रसाशकीय अधिकृत र अर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ङ) कोषको वडातहमा समेत उपसमिति हुनेछ ।

च) कोषको काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

छ) कोषको सचिवालय रोङ गाउँपालिकामा रहनेछ ।

ज) सामाजिक सशक्तिकरण कार्यक्रमको संचालन तथा व्यवस्थापन खर्चहरु संघीय तथा प्रदेश सरकार, रोङ गाउँपालिका, दातृसंस्था वा कार्यक्रम रकमबाट व्यहोरिनेछ तर यसरी अनुदान वा कार्यक्रम रकमबाट व्यहोरिनेछ तर यसरी अनुदान रकम प्राप्त हुन नसकेमा सामाजिक सशक्तिकरण कार्यक्रम संचालन सम्बन्धी खर्च कोषको ऋणपूँजी संचालनबाट प्राप्त ब्याज, गाउँपालिकाबाट प्राप्त अनुदान रकम तथा अन्य कुनै संघ, संस्थाबाट उपलब्ध श्रोतबाट व्यहोरिनेछ ।

झ) रोङ गाउँपालिकाले गरिबी निवारणका लागि यस कोष मार्फत शर्त सहित, शर्त रहित र प्राथमिकता क्षेत्र माग अनुसार संचालन हुने कार्यक्रमको लागि रकम उपलब्ध गराउन सक्नेछ ।

## ४. संचालक समितिको गठनः

क) कोषको संचालन र व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य रहेको एक संचालक समिति गठन हुनेछ ।

१. गाउँपालिका अध्यक्ष — अध्यक्ष
२. गाउँपालिका उपाध्यक्ष — उपाध्यक्ष
३. समितिले मनोनित गरेको बुद्धिजिवी, गरिवी निवारण कार्यक्रममा अनुभव प्राप्त समाजसेवी मध्ये महिला प्रतिनिधि एकजना समेत गरी दुईजना — सदस्य
४. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य
५. कार्यपालिकाले तोकेका कार्यपालिका सदस्यहरु मध्येबाट २ जना — सदस्य
६. सामाजिक सशक्तिकरण कार्यक्रम लागू भएका गाउँपालिकाभित्रका सामुदायिक संस्थाका अध्यक्षहरुले आफूमध्येबाट छानेका प्रनितिधि एकजना र सामाजिक सशक्तिकरण कार्यक्रम लागू भएका सामुदायिक संस्थाका सचिबले आफूमध्येबाट छानेको प्रतिनिधि एक गरी कूल दुईजना — सदस्य
७. गाउँपालिकास्थित कृषि सेवा केन्द्रका प्रमुख -सदस्य
८. समितिले तोकेको गाउँपालिकास्थित विषयगत शाखाहरु मध्ये दुईजना प्रतिनिधि-सदस्य
९. गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थाका संघ, संगठनद्धारा मनोनित एकजना प्रतिनिधि-सदस्य
१०. गाउँपालिकास्थित उद्योग वाणिज्य संघको प्रतिनिधि एकजना -सदस्य
११. गाउँपालिकाका महिला विकास शाखा प्रमुख- सदस्य
१२. गाउँपालिकास्थित बैंक/वित्तीय सस्थाका प्रबन्धक- सदस्य
१३. स्थानीय पत्रकार प्रतिनिधि-सदस्य

१४. स्थानीय विकास कोष संचालन तथा व्यवस्थापनको काम गर्ने समितिले तोकेको कार्यकारी सचिव- सदस्य-सचिव

ख) स्थानीय विकास कोष मार्फत कुनै सरकारी वा गैरसरकारी निकायले कार्यक्रम संचालन गर्न इच्छा देखाई मञ्जुर भएमा ती कार्यक्रमका प्रतिनिधिलाई सदस्यका रुपमा समावेश गर्न सकिनेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाको गाउँपालिकास्थित प्रतिनिधिलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रित सदस्यका रुपमा समावेश गर्न सकिनेछ।

घ) स्थानीय विकास कोषको प्रगति समिक्षाको आधारमा दातृसंस्थाले थप अनुदान दिने नदिने निर्णय गर्न सक्नेछ ।

ङ) स्थानीय विकास कोषलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृसंस्थाबाट प्राप्त सहयोगको संचालन तथा व्यवस्थापन गर्न सम्बन्धित संस्थाबाट आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

च) स्थानीय विकास कोषको व्यवस्थापन प्रभावकारी भएपछि खुल्ला प्रतियोगिताद्धारा कार्यकारी सचिबको छनौट गर्न सकिनेछ ।

छ) कोष संचालक समितिको निर्णय कार्यान्वयन गर्न रोङ गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

## ५. <u>समितिका सदस्यहरुको पदावधिः</u>

क) नियम ४ उप-नियम (क) को खण्ड (४) र (५) बमोजिम छानिएका प्रतिनिधिहरुको पदावधि सदस्य तोकिएको मितिले दुईवर्षको हुनेछ ।

ख) नियम ४ को उप-नियम (क) को खण्ड (८) बमोजिम तोकिएको गैर सरकारी संस्थाको प्रतिनिधिको पदावधि सदस्य तोकिएको मितिले बढीमा दुईवर्षको हुनेछ ।

ग) समितिका सदस्यहरु पुनः छनौट हुन यस नियमले बाधा पुऱ्याएको मानिने छैन । तर लगातार दुईपटक भन्दा बढी समयसम्म एउटै व्यक्तिलाई छनौट गर्न पाईनेछैन ।

घ) समितिका सदस्यहरुको छनौट साविकमा भएका सदस्यहरुको पदावधि सकिनुभन्दा एकहप्ता अघि गरिनेछ ।

ङ) समितिका सदस्यले स्वेच्छाले पदत्याग गर्न चाहेमा समिति मार्फत लिखित रुपमा आफ्नो राजीनामा प्रस्तुत गर्नेछन् । त्यस्तो राजीनामा समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ । कोषका सदस्यहरु आफूले प्रतिनिधित्व गरेको संस्थाको पदमा नरहेमा समितिबाट स्वतः हट्नेछन् ।

## ६. समितिको बैंठक र बैंठक भत्ताः

क) समितिको बैंठक चारमहिनामा एकपटक बस्नेछ ।

ख) समितिको बैंठक समितिको सचिवालयमा अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

ग) समितिको बैठक अध्यक्षले बोलाउनेछ। तर देहायको अवस्थामा भने कार्यकारी सचिवले समितिको बैठक बोलाउन सक्नेछ।

१. अध्यक्षले बैठक बोलाउन निर्देशन दिएमा,

२. चार वा सोभन्दा बढी महिनासम्म समितिले बैंठक नबसेको अवस्थामा समितिका कुनै तीनजना सदस्यले बैंठक बोलाउन लिखित रुपमा माग गरेमा ।

घ) समितिको बैंठक बस्ने सूचना बैठक बस्ने मितिभन्दा कम्तीमा सातदिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ । त्यस्तो सूचनामा बैंठकमा छलफल गरिने विषयहरु समेत समावेश हुनुपर्नेछ । तर, निश्चित मिति तोकी बैंठक बस्ने दिन निर्धारण भएकोमा पटक/पटक सूचना दिन आवश्यक पर्नेछैन । कुनै विशेष कारण परी तुरुन्त समितिको बैठक बस्नु पर्ने भएमा अध्यक्षले वा अध्यक्षको आदेशले सचिवले २४ घण्टा अगाडी बैठकको कार्यसूची सहितको सूचना दिई बैठक बोलाउन सक्नेछन् ।

ङ) समितिको निर्णय सामान्यतया सदस्यहरुको बहुमतबाट हुनेछ ।

च) समितिको बैठकमा मत बराबर भई निर्णय हुन नसक्ने अवस्था देखिएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

छ) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।अध्यक्षको अनुपस्थितिमा समितिको बैंठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले सो बैठकको अध्यक्षता गर्नेछ।

ज) गाउँपालिकाको निर्वाचन नभई पदाधिकारी रिक्त भएको अवस्थामा त्यस्तो निर्वाचन नभएसम्मको लागि समितिमा तत्काल रहेका सदस्यहरु मध्येबाट छानिएको सदस्यले समितिको अध्यक्षको हैसियतले कार्य गर्नेछ।

झ) समितिमा नरहेको कुनै व्यक्ति वा आमन्त्रित सदस्यले बैठकमा मतदान गर्न पाउनेछैन ।

ञ) बैठकमा भएका छलफल तथा निर्णयलाई सचिवले निर्णय पुस्तिकामा अभिलिखित गरी बैठकको अध्यक्षबाट प्रमाणित गराउनुपर्नेछ।

ट) बैठक संचालन सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

ठ) समितिको बैठकमा भागलिए बापत समितिका सदस्यले समान रुपमा प्रति बैठक रु. १०००।—(एकहजार) का दरले बैठक भत्ता पाउनेछन । यस्तो भत्ता भुक्तानी

गर्नको लागि कोष आफै सक्षम भई भत्ताको लागि आवश्यक रकम वार्षिक बजेटमा स्वीकृत भएको हुनुपर्नेछ ।

ङ) कोषका सदस्यहरु व्यक्तिगत र सामूहिक रुपमा रोङ गाउँपालिकाप्रति जवाफदेही हुनेछन् ।

ढ) समितिको महत्वपूर्ण निर्णयहरु तथा आय-व्यय विवरण सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गर्नुपर्नेछ ।

## ७. कार्यकारिणी समिति गठनः

क) स्थानीय विकास कोष संचालन समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्न देहाय बमोजिमको एक कार्यकारिणी समितिको गठन हुनेछ ।

१.गाउँपालिका उपाध्यक्ष —संयोजक
२. आर्थिक विकास विषयगत समिति संयोजक —सदस्य
३. कृषि/पशु/महिला विकास लगायत शाखा प्रमुखहरु सबै —सदस्य
४. प्रमुख प्रशासकीय अधिकृत —सदस्य
५. कोषको कार्यकारी सचिव -सदस्य-सचिव

## ८. कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार एवं अन्य व्यवस्थाः

८.१ सामान्यतया समितिको बैठक महिनामा एकपटक बस्नेछ । तर आवश्यक भएमा संयोजकको आदेश बमोजिम सदस्य सचिवले बैठकको आमन्त्रण गर्न सक्नेछ ।

८.२ स्थानीय विकास कोष संचालन समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने ।

८.३ वार्षिक कार्यक्रम तय गरी स्थानीय विकास कोष संचालन समितिमा पेश गर्ने ।

८.४ कार्यकारी समितिले गरेका कार्यहरु स्थानीय विकास कोष संचालन समितिमा पेश गर्ने ।

८.५ आवश्यकता परेका बेला कार्यकारिणी समितिले संचालक समिति सदस्य एवं अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

८.६ कार्यकारिणी समितिका सदस्यहरु व्यक्तिगत एवं संस्थागत रुपमा स्थानीय विकास कोष संचालक समितिप्रति पूर्ण उत्तरदायी तथा जवाफदेही हुनेछन् ।

८.७ कार्यकारिणी समितिका सदस्यहरुको पदावधि स्थानीय विकास कोष संचालक समितिका पदाधिकारीहरु सरहनै हुनेछ ।

## ९. कोषको कार्यः

कोषले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन् ।

क) गाउँपालिकाका सबै वडाको टोलटोलमा सामुदायिक संस्था खडा गर्न स्थानीय समुदायलाई सहयोग गर्ने ।

ख) उप-नियम (क) बमोजिम गठन हुने सामुदायिक संस्थाले देहाय बमोजिमका समूह बनाउन सहयोग पुऱ्याउने ।

१. पुरुष समूह,

२. महिला समूह,

३. पुरुष र महिला मिश्रित समूह ।

ग) बचतबाट पूँजी संकलन तथा परिचालन गर्न सामुदायिक संस्थालाई सहयोग गर्ने ।

घ) ग्रामीण जनतामा उद्यम विकास गर्न तालीम तथा प्राविधिक सहयोग उपलब्ध गराउने ।

ङ) कृषि तथा गैर कृषि क्षेत्रमा उद्यम विकास कार्यक्रम संचालन गर्न ऋण पूँजी उपलब्ध गराउने ।

च) उत्पादनशील कार्यक्र संचालन गर्ने कार्यमा संस्थागत तथा मानव क्षमता अभिवृद्धि गराउन सहयोग गर्ने ।

छ) आवधिक गाउँ विकास योजना लागू गर्न सहयोग गर्ने ।

ज) गरिबी निवारण कार्यमा सामुदायिक संस्थाहरुको क्षमता अभिवृद्धि गर्नमा सहयोग गरी त्यस्ता संस्थालाई गरिबी निवारण कार्यक्रममा क्रियाशिल गराउने ।

झ) सामुदायिक संस्थाका क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ञ) उप-नियम (ख) बमोजिम गठन भएका संस्थालाई सामाजिक परिचालन गर्न आवश्यक सहयोग पुऱ्याउने

ट) स्वशासित सामुदायिक संस्थाको अवधारणा अनुरुप मानव संशाधन विकास गर्नु आवश्यक कार्य गर्ने गराउने ।

ठ) सामुदायिक संस्थाको प्रशासनिक र व्यवस्थापकीय क्षमता विकासमा सहयोग गर्ने र त्यस्ता संस्थाको काम कारवाहीमा पारदर्शिता ल्याउन सहयोग गर्ने र

ड) कोषले सामुदायिक संस्थालाई ऋण तथा अनदान उपलब्ध गराउने सम्बन्धमा परिपक्कताको योग्यता र शर्तहरु तोक्न सक्नेछ । ती योग्यता तथा शर्तहरु देहाय बमोजिम हुनुपर्नेछ ।

१. सामुदायिक संस्था आफ्नो क्षेत्रको वडासँग आवद्ध भएको र स्थानीय विकासमा दर्ता भएको हुनुपर्ने ।

२. सामुदायिक संस्थाले नियमित रुपमा आफ्नो बैठक गरेको र प्रत्येक बैठकमा कम्तिमा ७५% सदस्यहरुले भाग लिएको हुनुपर्ने ।

३. सामुदायिक संस्थाले बचत तथा ऋण कार्यक्रम शुरु गरेको एवं निर्णय गरेको प्रकृयामा पारदर्शिता भएको हुनुपर्ने ।

४. ऋण प्रवाहको लागि सामुदायिक संस्थाले आफ्नै बचत प्रयोग गरेको एवं हिसाब तथा अभिलेख प्रणाली व्यवस्थित रुपमा अपनाएको हुनुपर्ने ।

५. सामुदायिक संस्थाको आफ्नो बचतले मात्र सदस्यलाई ऋण प्रवाह गर्न अपुग भएको हुनुपर्ने ।

६. बैठकमा प्रस्तुत हुने प्रत्येक विषयमाथि छलफल गरी निर्णय प्रकृया सर्वसम्मत ढंगले भएको हुनुपर्ने ।

७. सामुदायिक संस्थाका सदस्यहरु एकजुट भएर आफ्नो संस्थालाई तथा बस्तीलाई फाईदा हुने कुनै नमूनायोग्य काम गरेको हुनुपर्ने ।

८. सामुदायिक संस्थाहरुले सहभागितामा आधारित योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रणाली अपनाएको हुनुपर्ने ।

९. सामुदायिक संस्थाले आफ्नो सदस्यहरुको गरिबी वर्गीकरण गरी अभिलेख राखेको हुनुपर्ने ।

१०. सामुदायिक संस्थाहरुले आफ्नो विकासको दीर्घकालीन सोच बनाएको हुनुपर्ने ।

११. सामुदायिक संस्थाले गाउँपालिका योजना अनुरुप काम गरेको हुनुपर्ने ।

ढ) सामुदायिक संस्थाले आफ्ना सदस्यलाई सहयोग उपलब्ध गराउने न्यूनतम आधारहरु कोषले निर्धारण गर्नेछ । कोषले सामुदायिक संस्था स्थापना, तिनलाई ऋण पूँजीको रकम ब्याज र सेवा शुल्क लिनेगरी ऋणको रुपमा प्रदान गर्नेछ । ऋण पूँजी निकासा तथा त्यसलाई असुलउपर गर्ने सम्बन्धी शर्तहरु कोष र सामुदायिक संस्थाबीच सम्पन्न हुने सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

ण) कोषले सामुदायिक संस्था स्थापना तथा तिनलाई आपसी संझौताको आधारमा अन्य सेवा सुविधा उपलब्ध गराउन सक्नेछ । त्यस्ता सेवा सुविधाहरु आफ्ना कर्मचारी मार्फत वा सम्बन्धित वडा कार्यालय वा तालीम केन्द्र वा परामर्शदाता वा कम्पनी वा गैरसरकारी संस्था वा निजी फर्म वा व्यक्ति विशेष तथा अन्य उपयुक्त संस्थाहरु मार्फत उपलब्ध गराउन सकिनेछ ।

त) कोषले सामुदायिक संस्थालाई स्थापनाकालमा संस्थाको क्रियाकलाप अघि बढाउन एवं त्यस्तो क्रियाकलापलाई दिगो बनाउन संचालन अनुदान दिन सक्नेछ ।

थ) कोषले सामुदायिक संस्थालाई अधिकतम १०% वार्षिक ब्याजदर कायम गरी ऋण पूँजी थोकमा लगानी गर्न सक्नेछ । सामुदायिक संस्थाले कोषबाट लिएको ऋण आफ्ना सदस्यलाई संस्थाको सामुहिक जिम्मेवारीमा प्रवाह गर्नेछ । सामुदायिक संस्थाले ऋणको अधिकतम ब्याज १०% गरी ब्याज र सेवाशुल्क बापत कूल १२% रकममा नबढ्ने गरी कोषलाई बुझाउनेछ ।

द) उप-नियम (थ) बमोजिम कोषबाट लिएको ऋण सामुदायिक संस्थाले आफ्नो सदस्यहरुमा आफ्नै प्रचलित नियम तथा अधिकतम १८% ब्याजदरमा नबढाई लगानी गर्नेछ । उप-नियम (थ) बमोजिम असुलउपर गरिने ब्याज मध्येबाट सामुदायिक संस्थाले आफूले निर्णय गरेको प्रतिशत रकम सामुदायिक संस्थामा ऋण लगानी र असुलीमा संलग्न रहेका अध्यक्ष, सचिव वा सदस्यको पारिश्रमिक, भत्ता वा प्रोत्साहन स्वरुप खर्च गर्न सकिनेछ । र केही प्रतिशत रकम सामुदायिक संस्थाको बचत एवं संचालन तथा संस्थागत विकास कार्यमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ ।

ध) भुक्तानी कार्यक्रम बमोजिम साँवा किस्ता रकम र सो को सेवा शुल्क ब्याज तोकिएको मितिमा चुक्ता नगरेमा सामुदायिक संस्थाले निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको १(एक) प्रतिशत हर्जाना कोषलाई बुझाउनु पर्नेछ । सामुदायिक संस्थाले आफ्नो सदस्यहरुलाई लगानी गरेको रकम भुक्तानी कार्यक्रम बमोजिम साँवा र सेवा शुल्क रकम तोकिएको मितिमा चुक्ता हुन नआएका निर्धारित छुट अवधि पछि भाखा नाघेका किस्ता रकमको सामुदायिक संस्थाले तोकेको प्रतिशत हर्जाना ऋणीबाट असुल उपर गर्नेछ ।

न) कोषले उप-नियम (थ) र (ध) बमोजिम प्राप्त गरेको ब्याज, सेवा शुल्क र हर्जाना कोषको संचालन खर्च र ऋण पूँजी वृद्धि गर्न प्रयोग गर्नेछ ।

प) कोषको रकम हराए वा नासिएमा क्षतिपूर्ति र सुरक्षाको लागि आवश्यक बीमा नीति तयार गरी लागू गर्न सक्नेछ ।

फ) कोषले सामुदायिक संस्थाको सदस्यको आयस्तर र जीवनस्तर अभिवृद्धि गर्न प्रत्यक्ष मद्दत पुऱ्याउने सिंचाई, धारा, साना पुल पुलेसा, स-साना ढल आदि जस्ता विकास निर्माण कार्यको लागि बीउपूँजीको अनुदानले सामुदायिक संस्थाको सकेसम्म धेरै सदस्यहरुलाई पुऱ्याउनु पर्नेहुन्छ ।

ब) स्थानीय विकास कोषको संचालनको लागि कोषले रोङ गाउँपालिका, संघीय/प्रदेश सरकार, विदेशी मित्र राष्ट्र, राष्ट्रिय एवं अन्तराष्ट्रिय दातृ संस्था, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था, अन्तर सरकारी संगठन तथा व्यक्तिबाट संचालन तथा व्यवस्थापन खर्च अनुदान प्राप्त गर्न सक्नेछ । साथै कोषले संचालन तथा व्यवस्थापन खर्च तथा दिगोपनाको लागि आफ्नै रणनीति तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

भ) कोषले रोङ गाउँपालिका, बैंक वा वित्तीय संस्था, अन्य कोष वा ऋण प्रदान गर्ने संघ, संस्थाबाट प्रचलित ऐन र नियम बमोजिम ऋण प्राप्त गर्न सक्नेछ ।

म) कोषले उप-नियम (ब) र भ) बमोजिम बाह्य अनुदान तथा ऋण प्राप्त गर्न गाउँसभाबाट स्वीकृत गराउनु पर्नेछ ।

य) कोषले आफ्नो संचित रकमबाट अन्य स्थानीय विकास कोषलाई ऋण प्रदान गर्न वा कुनै बाणिज्य बैंक वा वित्तीय संस्थामा लगानी गर्न सक्नेछ ।

र) कोषले ऋण पूँजी लागनी गरी प्राप्त गरेका ब्याज रकम कोषको संचालन तथा व्यवस्थापन खर्च र सोही ऋणपूँजी रकममा थप गरी ऋणपूँजीको रकम वृद्धि गर्नेछ ।

ल) कोषले गाउँपालिकाबाट समपुरक कोष (म्याचिङ्ग फण्ड) को रुपमा रकम प्राप्त गर्न सक्नेछ ।

व) स्थानीय जनताको जीवनस्तर उकास्न र गाउँको आर्थिक विकासमा मद्दत गर्ने कार्यक्रम गर्न रोङ गाउँपालिका, विदेशी मित्र राष्ट्र, अन्तराष्ट्रिय एवं राष्ट्रिय दातृसंस्था, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं अन्य अन्तर सरकारी संगठनले कार्यक्रमको खर्च व्यहोर्ने आधारमा कोषले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम रोङ गाउँपालिकाको पूर्व स्वीकृति लिई सम्बन्धित दातासँग समझदारी गरी सम्झौता अनुरुप कार्यक्रम संचालन गर्न सक्नेछ ।

श) कोषले निजी क्षेत्र र गैर सरकारी संस्थाको सेवा र सहयोग प्राप्त गरी आफ्नो कार्यक्रम संचालन गर्न सक्नेछ ।

ष) कोषले आफ्नो कार्य संचालनको सिलसिलामा सामुदायिक संस्थालाई लघु कर्जा प्रवाह गर्न सक्नेछ ।

स) कोषले गाउँ र वडाहरुको वस्तुस्थिति र आवश्यकता अनुसार दलित, गरिब तथा पिछडिएका आदिबासी जनजातीहरुको उत्थानको निम्ति छुट्टै विशेष कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

## १०. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोष संचालन सम्बन्धी नीति तयार गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने ।

ख) कोषको चालू कार्यक्रम, बजेट तयार गरी गाउँसभामा पेश गर्ने तथा कुनै दातृसंस्थाको सहयोगमा संचालित कार्यक्रमको हकमा दातृसंस्थाले माग गरेको अवधिको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।

ग) कोषको कार्यविवरणको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी गाउँसभामा समीक्षाको लागि पेश गर्ने तथा कुनै दातृसंस्थाको सहयोगमा संचालित कार्यक्रमको हकमा दातृसंस्थाले माग गरेको अवधिको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।

घ) स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरुको संचालन सम्बन्धी योजना तथा कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने गराउने ।

ङ) सामुदायिक संस्थालाई ऋण तथा बिउपूँजी प्रदान गर्दा तोकिएका शर्तहरु पुरा भए नभएको अनुगमन र मूल्याङ्कन गर्ने र सुझाव, निर्देशन दिने ।

च) कोषको कर्मचारीहरुको सेवासुविधा सम्बन्धी नीति तयार गरी गाउँसभामा पेश गर्ने ।

छ) कोषको कार्यकारी सचिब नियुक्त नभएसम्म कुनै अधिकृत कर्मचारीलाई कोषको कार्यकारी सचिवको रुपमा काम गर्ने गरी तोक्ने।

ज) गैर सरकारी संस्था वा निजी क्षेत्रको सेवा लिने विषयमा मापदण्ड बनाउने र त्यसरी बनाएको मापदण्डको आधारमा निजीक्षेत्र वा गैर सरकारी संस्थाहरुलाई छनौट गरी आवश्यकता अनुसार ती संस्थाहरुको सेवा लिने ।

झ) कार्यक्रम लागू हुने क्षेत्र छनौटको मापदण्ड तयार गरी उक्त मापदण्डको आधारमा वडामा छनौट गरी गाउँ कार्यपालिकाबाट अनुमोदन समेत गराई सामाजिक सशक्तिकरण कार्यक्रम लागू गर्ने, यसरी सामाजिक सशक्तिकरण कार्यक्रम संचालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम संचालन गर्ने ।

ञ) कोषको रकम हराए वा नासिएमा सो को क्षतिपूर्ति दिन वा आवश्यक सुरक्षा प्रबन्ध प्रदान गर्ने ।

ट) कोषको उद्देश्य अनुरुप काम गर्न अन्य आवश्यक कार्य गर्ने ।

ठ) कोषको बार्षिक लेखापरीक्षण गर्ने गराउने ।

ड) कोषको लेखापरीक्षण प्रतिवेदन गाउँ कार्यपालिका मार्फत गाउँसभामा पेश गरी छलफल गराउने ।

ढ) कोषमा दर्ता हुन आउने समुदायिक संस्था दर्ता गर्ने ।

ण) कोषद्धारा संचालित विविध क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।

## ११. स्थानीय विकास कोषको अध्यक्षको काम, कर्तव्य र अधिकारः

कोषको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बैठकको मिति र स्थान निर्धारण गर्ने।

ख) स्थानीय विकास कोषको संचालक समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) स्थानीय विकास कोष र अन्य सरकारी, गैरसरकारी तथा वित्तीय संस्था बीच समन्वय गर्ने गराउने ।

घ) स्थानीय विकास कोषको कार्यकारी सचिबबाट सचिवालय संचालन गराउने ।

ङ) कोषको चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गराउने ।

च) कोषको वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि स्थानीय विकास कोष संचालक समितिमा पेश गर्ने ।

छ) गाउँपालिका र स्थानीय विकास कोष बीच समन्वयात्मक भूमिका निभाउने ।

ज) स्थानीय विकास कोषको निरन्तरता तथा प्रभावकारी परिचालनको लागि श्रोत जुटाउन संघीय/प्रदेश सरकार, रोङ गाउँपालिका, विभिन्न दातृ संस्थाहरुसँग सम्बन्ध बढाउने र आवश्यक काम कारवाही गर्ने गराउने ।

झ) अध्यक्षले कामको सिलसिलामा ७ दिन भन्दा बढी समयको लागि जिल्ला छोडी बाहिर जानुपरेमा जानकारी समितिलाई गराउने ।

## १२. कोष उप-समिति सम्बन्धी व्यवस्था:

क) कार्यक्रम लागू भएका वडाहरुमा देहाय बमोजिमको कोष उप-समिति रहनेछ ।

१. वडाध्यक्ष —संयोजक

२. सामुदायिक संस्थाका अध्यक्षहरुले आफूमध्येबाट छानेका एकजना —सदस्य

३. महिला सदस्य —सदस्य

४. उद्यमी/व्यापारी मध्येबाट उप-समितिले तोकेको एकजना —सदस्य

५. वडासचिव —सदस्य-सचिव

ख) कोषको प्रयोजनका लागि सामुदायिक संस्थालाई सिफारिश दिनु र कोषद्धारा वडामा संचालित कार्यक्रमको अनुगमन गर्नु उप-समितिको मुख्य जिम्मेवारी हुनेछ ।

## १३. ऋणपूँजी लगानी तथा असुली:

क) कोषले सम्बन्धित वडासँग सम्झौता वा साझेदारीको सहमति गरी वडाभित्रको सामुदायिक संस्थालाई ऋण प्रवाह गर्न सक्नेछ ।

ख) कोषले ऋणपूँजी उपलब्ध गराउनुपूर्व प्रत्येक सहकारी/सामुदायिक संस्थासँग ऋण लगानीका शर्तहरु, ऋण रकमको सीमा, ऋण लागनीको प्रकृया, ब्याजदर, सेवाशुल्क, हर्जना, ऋण रकमको सदुपयोग, ऋण रकमको अनुगमन, ऋण असूली प्रकृया र ऋण चुक्ता गर्ने जिम्मेवारी किटान गरी सम्झौता वा साझेदारीको सहमति आफ्नो वडा क्षेत्रभित्रको सामुदायिक संस्थालाई कोषबाट ऋण उपलब्ध गराउन सिफारिश गर्ने कार्य गर्नसक्नेछ ।

ग) कोषले उप-नियम (१) बमोजिम सम्बन्धित सामुदायिक संस्थालाई ऋणपूँजी उपलब्ध गराउँदा सम्बन्धित सामुदायिक संस्थाको अध्यक्ष र सचिबसंग संयुक्त रुपमा तोकिएको भाखामा ब्याज र सेवा शुल्क सहित सावाँ रकम र भाखा नाघेपछि हर्जना समेत सामुदायिक संस्थाले चुक्ता गर्नेपर्ने र नगरेमा गाउँपालिकाले सामुदायिक संस्था उपर कानूनी कारवाही गरी असूल उपर गर्न सकिने शर्त राखी सम्झौता गर्नुपर्नेछ।

घ) उप-नियम (१) बमोजिम कोषबाट ऋण लिने सामुदायिक संस्थाले कोषसँग भएको सम्झौता वा साझेदारीको सहमति पत्र बमोजिम निर्धारित भाखामा आफूले कोषलाई

बुझाउनु पर्ने ऋण रकमको साँवा, व्याज र सेवा शुल्क बापतको रकम बुझाई सक्नु पर्नेछ । निर्धारित मितिपछि ऋण चुक्ता गरेमा हर्जाना तिर्नुपर्ने भए सो समेत कोषलाई बुझाउनु पर्नेछ ।

ङ) उप-नियम (५) बमोजिम सामुदायिक संस्थाबाट ऋण लिने ऋणीहरुले कोषसँग भएको सम्झौता बमोजिम निर्धारित भाखामा आफूले संस्थालाई बुझाउनुपर्ने ऋण रकमको साँवा, ब्याज र सेवाशुल्क बुझाउनु पर्छ । तोकिएको भाखा पछि ऋण चुक्ता गरेमा हर्जना लाग्ने भएमा सो समेत संस्थालाई बुझाउनु पर्नेछ ।

च) सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएको आफ्ना सदस्यलाई ऋण प्रवाह गरी ऋणीले साँवा, ब्याज, सेवा शुल्क र हर्जना तिर्नुपर्ने भए सो समेत संस्थालाई चुक्ता गरिकेकोमा सामुदायिक संस्थाका अध्यक्ष र सचिवले असुल भएको रकम हिनामिना गरी कोषलाई चुक्ता नगरेमा गाउँपालिकाले अध्यक्ष वा सचिव वा सम्बन्धितलाई कानूनी कारवाही गरी निजहरुको घरघरानाबाट सरकारी बाँकी सरह असूलउपर गर्नेछ ।

छ) सामुदायिक संस्थाले कोषलाई बुझाउनु पर्ने साँवा, ब्याज र सेवा शुल्क भाखा नाघेपछि पनि नबुझाएमा कोषले पुनः ऋण नदिन सक्नेछ ।

ज) सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएका आफ्ना सदस्यलाई ऋण लगानी गरी ऋणीले ऋणको साँवा, ब्याज, सेवा शुल्क र हर्जना तिर्नु पर्ने भए सो समेत संस्थालाई चुक्ता नगरी संस्थाले ऋण रकम, ब्याज, सेवा शुल्क र हर्जना समेत कोषलाई चुक्ता गर्न नसकेमा गाउँपालिकाले सोझै ऋणी उपर कानूनी कारवाही गरी निजहरुको घरघरानाबाट साँवा रकम, ब्याज, सेवा शुल्क र हर्जना असुल उपर गर्नेछ ।

झ) उप-नियम (९) बमोजिम ऋणीसँग कानूनी कारवाही गरी असुल भएको रकम मध्ये सामुदायिक संस्थासँग असूल गर्नुपर्ने साँवा रकम, ब्याज, सेवा शुल्क र हर्जना रकम कट्टा गरी बढी भएको रकम कोषले सम्बन्धित संस्थालाई फिर्ता गर्नुपर्छ ।

ञ) कोषले सामुदायिक संस्थालाई र सामुदायिक संस्थाले आफ्नो सदस्यलाई ऋण लगानी गर्दा गरिबी बर्गीकरणको आधारमा सबभन्दा विपन्न वर्ग तथा पिछडिएका महिला र पुरुषलाई प्राथमिकता दिनु पर्दछ ।

ट) कोषले सामुदायिक संस्थाका सदस्यहरुलाई कुनै बैंक वित्तीय संस्थाबाट कर्जा प्रवाह गर्न ती निकायसँग सम्बन्ध स्थापित गर्न सक्नेछ ।

## १४. ब्याज, सेवा शुल्क र हर्जनामा मिनाहा दिन सक्नेः

क) दैवीप्रकोप, महामारी वा अन्य यस्तै असाधारण परिस्थितिले गर्दा ऋण लिई गरेको काम सफल हुन नसकी ऋणीलाई साँवा रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले सामुदायिक संस्थालाई ऋण चुक्ता गर्न नसक्ने परिस्थिति श्रृजना भएको कुरामा सामुदायिक संस्था विश्वस्त भै सर्वसम्मतिबाट निर्णय गरी ऋणीको ब्याज, सेवा शुल्क र हर्जना बापतको रकम मिन्हा दिन सम्बन्धित सामाजिक संस्थाले सिफारिश गरी कोषलाई निवेदन गरेमा समितिले निर्णय गरी ऋणीको ऋण रकमको ब्याज, सेवाशुल्क र हर्जना पूरै वा आंशिक रुपमा मिनाहा दिने वा नदिने आवश्यक छानबिन गरी निर्णय गर्न सक्नेछ ।

ख) उप-नियम (क) बमोजिम ब्याज, सेवा शुल्क र हर्जना मिनाहाको लागि ऋणीले सामुदायिक संस्थालाई आफ्नो लगानीमा घाटा हुन गएको आधार र कारण समेत उल्लेख गरी ब्याज, सेवा शुल्क र हर्जना मिनाहा पाउन आफ्नो आर्थिक अवस्था समेत उल्लेख गरी निवेदन दिनुपर्नेछ ।

ग) उप-नियम (ख) बमोजिम ऋणीले सामुदायिक संस्थामा ऋण रकमको ब्याज, सेवाशुल्क र हर्जना मिनाहाको निवेदन दिई सामुदायिक संस्थाबाट कोषमा सिफारिश प्राप्त भएपछि कोषले तोकेको सदस्यले स्थलगत निरीक्षण गरी ऋणीको आर्थिक अवस्था र लगानी गरेको उद्यम आयोजनाको बारेमा दिएको प्रतिवेदनका आधारमा समितिले मिन्हा दिने/नदिने निर्णय गर्न सक्नेछ ।

घ) उप-नियम (ग) बमोजिम कोषले मिनाहा दिने निर्णय गरेमा सो को जानकारी सम्बन्धित सामुदायिक संस्था, वडा तथा सामाजिक परिचालकलाई गराउनेछ ।

# भाग-२ (क)

# कर्मचारी सम्बन्धी व्यवस्था

## १६. पदको किसिम र दरबन्दी सृजनाः

१. कोषमा देहायका पदहरु रहनेछन्ः

क) अधिकृतस्तरको पद    ख) सहायकस्तरको पद

२. उप-नियम (१) मा उल्लेख भएका पदहरुको देहाय बमोजिम तह कायम हुनेछः

क) अधिकृतस्तर

१. अधिकृतस्तर सातौं तहको कार्यकारी सचिव

२. अधिकृतस्तर छैठौं तहको उद्यम विकास सहजकर्ता, लेखा अधिकृत, प्राविधिक अधिकृत

ख) सहायकस्तर

१. सहायकस्तर पाँचौ तहको सामाजिक परिचालक, ऋण तथा बचत परिचालक र प्राविधिक सहायक

२. सहायकस्तर दोश्रो तहको सवारी चालक

३. सहायकस्तर प्रथम तहको कार्यालय सहायक

४. समितिले कोषको कर्मचारी दरबन्दी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

६. सहायकस्तरका कर्मचारीहरु क्रमशः वडामा हस्तान्तरण गरिदै लगिनेछ ।

## १७. रिक्त पदको पूर्तिः

१. कोषमा रिक्त रहेको पद नयाँ नियुक्ति वा बढुवाद्धारा पूर्ति गरिनेछ ।

२. उप-नियम (१) बमोजिमको पदपूर्ति गर्न एउटा स्वतन्त्र र स्वच्छ कर्मचारी छनौट समितिको गठन गाउँसभाबाट गरिनेछ ।

३.कर्मचारी छनौट समितिले पदपूर्ति सम्बन्धी कार्यविधि बनाई कर्मचारीको पदपूर्ति गर्न सक्नेछ ।

४) उप-नियम (३) बमोजिम कोषका कर्मचारीहरुको छनौट गर्दा निम्न कार्यविधि अपनाउनु पर्नेछः

क) कोषमा रिक्त पदको लागि गाउँपालिकाको नियमानुसार विज्ञापन गरिनेछ ।

ख) विज्ञापन अनुसार पर्न आएका निवेदकहरु मध्ये उपयुक्त उम्मेदवारहरुको लिखित परीक्षा लिइनेछ ।

ग) लिखित परीक्षाको नतिजा नामको वर्णानुक्रमानुसार प्रकाशित गर्नुपर्नेछ ।

घ) लिखित परीक्षामा अधिकतम प्राप्ताङ्कको आधारमा एक पदको लागि दुईजनाको दरले पूर्व छनौट तालीमका लागि मनोनयन गरिनेछ ।

ङ) पूर्व छनौट तालीम गाउँपालिकाको मानव संसाधन विकास इकाई वा अन्य उपयुक्त संस्थाद्धारा संचालन गरिनेछ ।

च) पूर्व छनौट तालीममा समावेश भएका उम्मेदवारहरुको तालीममा लिएको टेष्ट परीक्षा, तालीममा देखाएको सहभागिता, श्रृजनशीलतालाई आधार बनाई तालीम संयोजकले अंक दिई लाहाछाप लगाई खामबन्दी गरी गोप्यरुपमा स्थानीय विकास कोषका कार्यकारी सचिव समक्ष पठाउनेछ ।

छ) उक्त खाम अन्तर्वार्ता सम्पन्न भईसकेपछि मात्र छनौट समितिका सदस्यहरुको रोहबरमा अन्तिम नतिजा प्रकाशित गर्दा खोल्नुपर्नेछ ।

ज) पूर्व छनौट तालीममा सहभागी भएका उम्मेदवारहरुको मौखिक अन्तर्वार्ता लिई लिखित परीक्षा, पूर्व छनौट तालीम र मौखिक अन्तर्वार्ताको आधारमा अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

झ) उम्मेदवारहरुको छनौट गर्ने प्रकृयामा निम्न अंकभार दिईनेछः

| | |
|---|---|
| लिखित परीक्षा | ३० प्रतिशत |
| पूर्व छनौट तालीम | ५० प्रतिशत |
| अन्तर्वार्ता | २० प्रतिशत |
| जम्मा | १०० प्रतिशत |

ञ) दफा (च) अनुसार छनौट प्रकृयामा सफल उम्मेदवारहरुको नामावली योग्यताक्रम अनुसार प्रकाशित गरिनेछ ।

ट) सफल तथा केही बैकल्पिक उम्मेदवारहरुलाई कार्यक्रमको अवधारणा तथा कार्यान्वयन प्रकृयाबारे विस्तृत तालीम दिइनेछ ।

५) उप-नियम (४) बमोजिम पदपूर्तिको लागि सिफारिश भएका व्यक्तिको नियुक्ति संचालक समितिद्धारा गरिनेछ ।

६) उप-नियम (४) बमोजिम पदपूर्ति गर्दा स्थानीय महिला तथा पिछडिएका जनजातीलाई विशेष प्राथमिकता दिनुपर्दछ ।

## १८. <u>कर्मचारीको योग्यता, अयोग्यता, शैक्षिक योग्यता र सेवाका शर्त सम्बन्धी व्यवस्थाः</u>

१) कोषका कर्मचारीको योग्यता, अयोग्यता, पाठ्यक्रम, नियुक्ति, बढुवा, पुरस्कार र सजाय, पुनरावेदन, सेवाका शर्त तथा सुविधा नियमावलीमा व्यवस्था भए बमोजिम गाउँपालिकाको अन्य कर्मचारीसरह हुनेछ ।

२) कोषमा काम गर्ने कर्मचारीलाई कोषको काम गरेबापत कामको प्रकृति र कोषको आर्थिक अवस्था हेरी थप सुविधा प्रदान गर्न यो नियमावलीले बाधा पुऱ्याएको मानिनेछैन ।

३) कोषमा कार्यरत कर्मचारीलाई गाउँपालिकाले कुनै एक कार्यक्रमबाट अर्को कार्यक्रममा सरुवा गर्न वा काज खटाउन यस नियमावलीले बाधा पुऱ्याएको मानिनेछैन ।

४) यो नियमावली प्रारम्भ हुनुअघि कोषको काममा कार्यरत रही हाल स्थानीय तहमा कार्यरत साविक स्थानीय विकास कोषका कर्मचारीहरुलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा समायोजन गर्न कोषले सिफारिश गर्नेछ ।

५) उप-नियम (४) बमोजिम समायोजन भएका कर्मचारीले यो नियमावली प्रारम्भ हुनुअघि खाईपाई आएको तलब, भत्ता र सुविधा घटाइने छैन ।

६) कोषमा कुनै संचालित कार्यक्रम गाभिन आएमा त्यसमा संलग्न कर्मचारीलाई कोष अन्तर्गत राख्न बाधा पर्नेछैन ।

**१९. <u>कार्यकारी सचिवको नियुक्ति तथा पारिश्रमिकः</u>**

१) स्थानीय विकास कोषको कर्मचारी छनौट समितिको सिफारिशमा कोषले कार्यकारी सचिबको नियुक्ति गर्नेछ ।

२) कोषको कार्यकारी सचिबको तलब, भत्ता र सेवाका शर्त तथा सुविधा गाउँपालिकाका अन्य समान तहका कर्मचारीले खाईपाई आए सरह हुनेछ । तर, समितिको निर्णय बमोजिम कार्यकारी सचिवलाई थप भत्ता, सुबिधा प्रदान गर्न यस नियमावलीले बाधा पुऱ्याएको मानिनेछैन ।

३) यसरी पदपूर्ति भई नसकुन्जेल संचालक समितिले अन्य उपयुक्त कर्मचारीलाई काजमा पठाउन वा तोक्न सक्नेछ ।

**२०. <u>कार्यकारी सचिवको काम, कर्तव्य र अधिकारः</u>** कार्यकारी सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) समितिको निर्देशनमा रही कोषको आर्थिक तथा प्रशासनिक कार्य गर्ने,

ख) समितिको नीति निर्णयहरु लागू गर्ने,

ग) आफ्नो मातहतमा काम गर्ने कर्मचारीको नियुक्तिको लागि छनौट समितिले गरेको सिफारिश साथ समितिमा पेश गर्ने र स्वीकृति पश्चात नियुक्ति दिने,

घ) कर्मचारीहरुको कार्यविभाजन गर्ने तथा तिनीहरुको कार्यक्षमताको मूल्याङ्कन गर्ने,

ङ) आफ्नो मातहतमा काम गर्ने कर्मचारीहरुलाई पुरस्कार र कार्यक्षमताको अभाव, हेलचेक्रयाई, कोषको हिनामिना तथा अधिकारको दुरुप्रयोग गरेकोमा सजायको लागि समिति समक्ष प्रस्ताव पेश गर्ने,

च) कोषको लेखापरीक्षण गराउने र लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गराउन आवश्यक कार्यवाही गर्ने/गराउने, र

छ) समितिको सामान्य निर्देशनमा रही कोषको उद्देश्य परिपूर्ति गर्न अन्य कार्यहरु गर्ने ।

२) कार्यकारी सचिबले आफ्नो अधिकारको प्रयोग यो नियमावली तथा समितिका नीति निर्णयहरु बमोजिम गर्नेछ ।

३) कार्यकारी सचिबले आफूलाई तोकिएको अधिकार आफ्नो मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर त्यसरी अधिकार प्रत्यायोजन गरी भएको काम कारवाहीको अन्तिम जवाफदेहिता कार्यकारी सचिव मै निहित रहनेछ ।

२१. <u>कोषका कर्मचारीलाई बन्देजः</u>

कोषका कर्मचारीले कोष तथा कोषद्धारा सहयोग प्राप्त संघ, संस्था वा संगठन पक्ष रहेको कुनै पनि संघ, संस्था वा कार्यालयको आर्थिक गतिविधिबाट नियमले पाउने पारिश्रमिक सुविधा बाहेक अन्य कुनै लाभ ग्रहण गर्न सक्ने छैनन् । तोकिएको पारिश्रमिक, भत्ता वा अन्य सुविधा बाहेक कुनै रकम वा दस्तुर प्राप्त गर्न सक्ने छैनन् ।

## भाग-३

## कोषको खर्च, लेखा र लेखापरीक्षण

२२. <u>लेखा परीक्षणः-</u>

१) कोषको लेखा र लेखापरीक्षण स्थानीय सरकार सञ्चालन एन, २०७४ बमोजिम हुनेछ ।

२) कोषको देहाय बमोजिमका खाताहरु रहनेछन् ।

क) संचालन खाता,

ख) ऋणपूँजी खाता,

ग) बिउपूँजी खाता,

घ) सामाजिक परिचालन खाता ।

३) तलब र प्रशासनिक खर्चको लागि संचालन खाता उपयोग गरिनेछ । सामुदायिक संस्थामा ऋण प्रवाह गर्न ऋणपूँजी खाता उपयोग गरिनेछ । बिउपूँजी खाताको उपयोग उत्पादनमूलक कार्यक्रम र संचालनको लागि गरिनेछ र स्थानीय ग्रामीण कार्यकर्ता तथा उद्यमीहरुको विकास प्रयोगको लागि सामाजिक परिचालन खाताको उपयोग गरिनेछ ।

४) ऋणपूँजी कोषबाट प्राप्त आय कोषको संचालन तथा व्यवस्थापन गर्न एवं ऋणपूँजीको अभिवृद्धि गर्नमा उपयोग गरिनेछ ।

५) कोषले सूचना एवं अनुगमनको लागि सामुदायिक संस्थाको तहमा आर्थिक कारोबारको अभिलेख सामुदायिक संस्थालाई राख्न लगाइनेछ ।

६) कोषको आम्दानी तथा खर्च प्रचलित नियम बमोजिम राखिनेछ ।

७) कोषको आर्थिक प्रशासनको कार्यविधि प्रचलित नियम बमोजिम हुनेछ ।

८) कोषको प्रत्येक वर्षको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

९) लेखापरीक्षणबाट कायम भएका बेरुजुबारे लेखासमितिले दिएको सुझाव उपर गाउँसभाले छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु भएमा सो बेरुजु फर्छ्यौटको लागि निर्देशन दिए बमोजिम फर्छ्यौट गर्नुपर्छ ।

१०) रोङ गाउँपालिकाले आवश्यक ठानेका बखत कोषको लेखा जाँच गर्न सक्नेछ ।

# भाग-४
# विविध

**२३. <u>वडा समितिले अनुगमन गर्न सक्नेः</u>**

१) वडाले आफ्नो क्षेत्रमा संचालित सामाजिक सशक्तिकरण कार्यक्रमको नियमित अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ ।

२) उप-नियम (१) बमोजिम अनुगमन गर्दा सम्झौता विपरित कुनै काम कारवाही भएको पाईएमा वडासमितिले सो को जानकारी कोषलाई दिई सम्झौता विपरित भएको काम कारवाही नियमित गराउन कोषलाई अनुरोध गर्न सक्नेछ ।

३) वडासमितिले आफ्नो क्षेत्रमा संचालित सामाजिक सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आफू संलग्न भई आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ ।

**२४. <u>प्रतिवेदनः</u>**

१) समितिले सामाजिक सशक्तिकरण कार्यक्रमको मासिक प्रगति प्रतिवेदन गाउँपालिकामा प्रस्तुत गर्नेछ ।

२) समितिले सामाजिक सशक्तिकरण कार्यक्रमको चौमासिक प्रगति तयार गरी गाउँपालिका मार्फत प्रदेश/संघ तथा अन्य सम्बन्धित निकायहरु पेश गर्नुपर्नेछ ।

**२५. <u>अनुगमनः</u>**

१) संघ, प्रदेश, गरिबी निवारण कोष तथा राष्ट्रिय योजना आयोग, गाउँपालिकाले कोषबाट सञ्चालित कार्यक्रमको अनुगमन गर्न सक्नेछ ।

२) गाउँपालिकाले कोष र त्यस अन्तर्गत संचालित कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन प्रचलित नियम बमोजिम गर्नेछ ।

**२६. <u>प्रगति समीक्षाः</u>**

१) कोषद्धारा संचालित कार्यक्रमको प्रगति समीक्षा गरी बाधा व्यवधान हटाउन आवश्यक ब्यवस्था गर्न सकिनेछ ।

२) गाउँपालिकाले कोष एवं सोद्धारा संचालित विविध क्रियाकलापहरुको प्रगति समीक्षा गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**२७. <u>प्राविधिक सहयोगः</u>**

स्थानीय विकास कोष अन्तर्गत संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग उपलब्ध गराउनु विषयगत कार्यालयको कर्तव्य हुनेछ साथै, गैससहरुको समेत सहयोग लिन सकिनेछ ।

१) यस नियमावली बमोजिम स्थापना भएको कोषको रकममध्ये ऋणपूँजीको रकम चक्र कोषको रुपमा रहनेछ । सो रकम सामाजिक सशक्तिकरण क्रियाकलाप संचालन गर्न

सामुदायिक संस्थालाई ऋण दिने प्रयोजनको लागि प्रयोग हुनेछ । उक्त कोषको आयबाट कोषको संचालन तथा व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

**२८. नियमावली बमोजिम हुनेः**

१) यस नियमावलीमा लेखिएको हकमा यसै नियमावली बमोजिम हुनेछ र अन्य कुराको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।यस नियमावलीको कुनै प्रावधान प्रचलित कानूनसग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**२९. नियमावलीमा संशोधनः**

१) यो नियमावलीमा संशोधन गर्नुपरेमा कोषले सो को मस्यौदा तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ।

३) कार्यपालिकाले उप-नियम (१) बमोजिम प्राप्त भएको मस्यौदालाई यथावत रुपमा वा संशोधन सहित स्वीकृत गर्न सक्नेछ । तर, नियमावली संशोधन अधिकार प्रत्यायोजनद्धारा हुनेछैन ।

४) यो नियमावलीको संशोधन गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**३०. निर्देशिका बनाउन सक्नेः**

१) कोषले यस नियमावलीको उद्देश्य अनुरुप काम गर्न आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उप-नियम (१) बमोजिमको निर्देशिकाको पालना गर्नु गाउँपालिका, वडासमिति, सामुदायिक संस्थाको कर्तव्य हुनेछ ।

३) निर्देशिकामा अन्य कुराको अलावा ऋणपूँजीको साँवा किस्ता, ब्याज, सेवाशुल्क, हर्जना बुझाउने प्रक्रिया, कोषको खरिद र विक्री व्यवस्था, प्रशासनिक खर्च तथा कोषको रकम खर्च गर्ने र अनुदान प्राप्त गर्ने कार्यविधि, अनुदान कार्यान्वयन गर्ने तरिका तथा आवश्यक ढाँचा निर्धारण गर्न सकिनेछ ।

**३१. कार्यक्रम एकीकरण र समायोजनः**

१) गाउँपालिका तथा अन्य निकायद्धारा संचालित कार्यक्रमहरुलाई यस कोष अन्तर्गत समायोजन, एकीकरण गर्न सकिनेछ र त्यस कार्यक्रमको सम्पत्ति तथा दायित्व समेत कोषमा गाभिनेछ ।

आज्ञाले,<br>
डिक प्रसाद दाहाल<br>
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत